नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

मिति:२०७९।०१।०८

विषय: **चिकित्सा शिक्षा पत्रिका (जर्नल) का लागि लेख रचना पठाउने सम्बन्धी सूचना ।**

यस आयोगबाट आर्थिक वर्ष २०७७/२०७८ देखि प्रकाशन हुँदै आएको 'चिकित्सा शिक्षा पत्रिका (Journal of Medical Education Commission-JMEC) को आगामी असारमा प्रकाशन गरिने अङ्कका लागि लेख रचना तल उल्लिखित इमेल ठेगानामा उपलब्ध गराई सहयोग गरिदिनु हुन सम्बद्ध सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । लेख रचनाको ढाँचा तथा विधा देहायबमोजिम हुनुपर्नेछ ।

उपसचिव

तपसिल

**१. लेख रचनाको ढाँचा (Format of Articles)**

- शीर्षक (Topic)
- लेख सार (Abstract) : १५० देखि २०० शब्दसम्म
- मुख्य शव्दावली (Keywords) : नेपालीमा लेख रचना भए नेपाली र अङ्ग्रजीमा समेत
- विषय प्रवेश (Background)
- विषयवस्तुको विश्लेषण विस्तार (Analysis Expansion of the content/text)
- परिचय, नीतिगत व्यवस्था, नेपालको चिकित्सा शिक्षाका सन्दर्भमा यसको प्रयोग/उपादेयता, भावी दिशासहित लेखरचनाको प्रकृति अनुसार (Use, implications and future direction in Health Profession Education in Nepalese context)
- निष्कर्ष (Conclusion)
- सन्दर्भ सामग्री (Reference materials) APA format अनुसार लेखमा उल्लेख तथा साभार गरिएका मात्र
- लेखकको नाम, कार्यरत कार्यालय, पद, योग्यता, प्रकाशन कृति, सम्पर्क फोन र इमेल ठेगाना

**२. लेखकहरूलाई विशेष अनुरोध**

(क) लेख नेपाली वा अङ्ग्रेजी भाषामा २,००० शब्ददेखि ३,००० शब्दसम्म (६ देखि १२ पेजसम्म) टाइप गरेको सफ्ट कपीमा हुनु पर्नेछ ।

(ख) लेख नेपालीमा टाइप गरेको भए A4 पेपरसाइजमा Himalli or Preeti मा १४ फन्ट र अङ्ग्रेजीमा टाइप गरेको भए Times New Roman, 12 फन्ट/साइजको अक्षर र लाइन स्पेस १.२ मा टाइप गरेको हुनुपर्नेछ ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :

(ग) लेख रचना आयोगको इमेल :jmec@mec.gov.np/dir.spe@mec.gov.np वा दुबैमा र यस आयोगको ठेगानामा पठाउन सकिने छ । अन्य जानकारीका लागि यस आयोगको नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज, सानोठिमी वा ०१६६३९३१४ मा सिधै सम्पर्क गर्न सकिनेछ ।

(घ) प्राप्त भएका लेख रचनाहरूलाई लेखकले पठाएकै पाण्डुलिपिमै मूल्याङ्कन, पुनरावलोकन गरेर मात्र सम्पादन र प्रकाशन गरिने छ । त्यसैले भाषागत र विषयवस्तुको शुद्धता, प्रमाणिकता, अद्यावधिकतामा विशेष सतर्क हुन अनुरोध छ ।

(ङ) लेख रचना प्रकाशन गर्ने वा नगर्ने र काँटछाँट गर्ने अधिकार सम्पादक मण्डलमा रहने छ ।

(च) अप्रकाशित लेख रचनाहरू लेखकलाई फिर्ता गरिने छैन ।

(छ) प्रकाशित हुने लेख रचनाको प्रतिलिपि अधिकार आयोगमा रहने छ । तर लेखमा प्रयुक्त विचार र अवधारणा लेखकका निजी विचार हुने र तिनले आयोगको प्रतिनिधित्व गर्ने छैनन् ।

**३. लेख रचनाका क्षेत्रहरु**

१. चिकित्सा शिक्षा सम्बन्धी नीति, योजना, कार्यक्रम तथा सो सम्बन्धी समसामयिक विषयवस्तु,

२. चिकित्सा शिक्षा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास सम्बन्धी अध्ययन, खोज, अनुसन्धान तथा समसामयिक विषयवस्तु,

३. चिकित्सा शिक्षा आयोगका कार्य क्षेत्रका वर्तमान तथा भावी कार्य, समस्या र चुनौती तथा समाधानका उपायहरू

४. चिकित्सा शिक्षा सम्बन्धमा भए गरेका नेपालका मौलिक अनुभव र अभ्यासहरू

५. चिकित्सा शिक्षाका उपयुक्त अन्य विषयवस्तुका विधागत क्षेत्रहरू (Potential areas for article) जस्तै:

- चिकित्सा शिक्षाका शिक्षक/कर्मचारी तालिम र पेसागत विकास
- (Teacher/Management Training and Professional Development in Health Education
- Profession)
- चिकित्सा शिक्षामा सुशासन (Good Governance in Health Education Profession)
- चिकित्सा शिक्षामा व्यवस्थापन गतिशीलता (Management Dynamics in Health Education Profession)
- चिकित्सा शिक्षामा वित्तीय व्यवस्थापन (Financial Management in Health Education Profession)
- चिकित्सा शिक्षामा शिक्षक शिक्षा (Teacher Education in Health Education Profession)
- चिकित्सा शिक्षामा मूल्याङ्कन प्रणाली (Educational Evaluation in Health Education Profession)
- चिकित्सा शिक्षाका जल्दाबल्दा मुद्दाहरू (Potential and Crosscutting Issues in Health Education Profession)
- चिकित्सा शिक्षामा गुणस्तर (Quality in Health Education Profession)
- चिकित्सा शिक्षामा विश्वव्यापीकरण तथा स्थानीयकरण (Globalization and Localization in Health Education Profession )
- चिकित्सा शिक्षामा विधागत/विषयगत शिक्षण सिकाइका विधि, प्रक्रिया, अनुभव तथा अनुसन्धानहरू (Theme/Subjectwise teaching learning methods, strategies, experiences and research outputs in Health Education Profession)
- चिकित्सा शिक्षासँग सम्बन्धित सोध तथा अनुसन्धानहरू (Research Reports related to Health Education Profession)
- चिकित्सा शिक्षाका विभिन्न शैक्षिक परियोजना, योजना तथा कार्यक्रमहरू (Different projects, plans and programs in Health Education Profession, etc.)

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

**४. लेख रचनाको ढाँचा र अन्य पक्ष**

१. लेख रचनाहरु चिकित्सा शिक्षा सम्बन्धी नीति, योजना, कार्यक्रमको विश्लेषण तथा खोज अनुसन्धानमा आधारित हुनुपर्ने

२. विचारमूलक, विश्लेषणात्मक र अनुसन्धानात्मक लेखहरूलाई प्राथमिकता दिइने

३. लेखमा सन्दर्भ सामग्री तथा तथ्य तथ्याङ्कहरूको स्रोत स्पष्टसँग उल्लेख हुनुपर्ने

४. लेख रचनाको ढाँचा अनुसन्धानमूलक हुनुपर्ने ।

५. विचारमूलक तथा विश्लेषणत्मक लेख रचनामा न्यूनतम-
(१) कार्यकारी सारांश, (२) पृष्ठभूमि वा परिचय वा विषयप्रवेश, (३) सैद्धान्तिक वा नीतिगत पक्षको विश्लेषण,(४) समस्या, चुनौती र समाधान, (५) निष्कर्ष र (६) सन्दर्भ सामग्री जस्ता पक्षमा ध्यान दिनुपर्ने

६. चिकित्सा शिक्षा पत्रिकाका लागि चिकित्सा शिक्षाका नीतिगत तहदेखि कार्यान्वयन तहसम्मका शिक्षाको विकासको विद्यमान अभ्यास तथा भावी कार्यदिशामा केन्द्रित अनुसन्धान, अनुभव, सिद्धान्त र अभ्यास, सूचनामूलक तथ्यहरूलाई समेत समेटेर लेख रचना तयार गर्न अनुरोध गरिएको ।

७. लेख रचनासँगै लेखकले आफ्नो अद्यावधिक गरिएको व्यक्तिगत विवरण (CV) संलग्न गरी पठाउन सुझाव गरिएको ।

८. प्राथमिक तथ्याङ्कमा आधारित लेख रचनालाई बढी प्रथमिकता दिइनेछ ।
प्रति पृष्ठ १५ प्रतिशतभन्दा बढी मौलिक नभई अरूका कुरा उद्धरण भएका (Copied) र प्रायस हुवहु सारिएका लेख रचनाहरूलाई सुरुकै छनौट प्रक्रियाबाटै हटाइने भएकाले लेखरचना तयार गर्दा यसतर्फ विशेष ध्यान दिन अनुरोध गरिएको छ ।